काठमाडौं फाइनान्स लिमिटेड (वित्तीय संस्था)
राधेमार्ग डिल्लीबजार, काठमाडौं
फोन नं. ४४३०५२७, ४४३७४०१ फ्याक्स नं. ४४३७४०३

# तेह्रौं वार्षिक साधारण सभा सम्वन्धि सूचना

यस वित्तीय संस्थाको संचालक समितिको मिति २०६४ माघ १० गते बसेको १५६ औं बैठकको निर्णय अनुसार यस वित्तिय संस्थाको तेह्रौं बार्षिक साधारण सभा देहायको बिषयहरु उपर छलफल गर्नका लागि निम्नि मिति, स्थान र समयमा बस्ने भएको हुदा सभामा शेयरधनि माहानुभाहरुको उपस्थितिका लागि यो सुचना प्रेषित गरिएकोछ ।

सभा हुने मिति , स्थान र समय

| | | |
|---|---|---|
| मिति | - | २०६४ साल फाल्गुन १४ गते मंगलवार तदनुसार २६ फेब्रुअरि, २००८ |
| स्थान | - | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर |
| समय | - | बिहान ११:०० बजे |

छलफलको बिषय सुची :

क) सामान्य प्रस्ताव

१. तेह्रौं बार्षिक सधारण सभाको लागि सञ्चालक समितिको तर्फबाट अध्यक्षको प्रतिबेदन ।

२. लेखापरिक्षकको प्रतिबेदन सहितको२०६४ साल अषाढ मसान्तको वासलात तथा सोहि मितिमा समाप्त आ.व. २०६३।६४ को नाफानोक्सान हिसाब तथा नगद प्रवाह विवरण स्वीकृति गर्ने ।

३. आर्थिक वर्ष २०६४।६५ को हिसाब किताब लेखापरिक्षण गर्ने लेखापरिक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने । (वर्तमान ऐनको व्यवस्था अनुसार लेखापरिक्षक चार्टर्ड एकाउन्टेन्ट, श्रि बास्कोटा एण्ड कम्पनि पुनः नियुक्तिको लागी योग्य हुनुहुन्छ र लेखापरिक्षण समितिबाट निजलाई नै लेखापरिक्षक नियुक्ति गर्न तथा पारिश्रमिक रु. ६०,०००।०० निर्धारण गर्न सिफारिस भएको छ ।)

४. वित्तिय संस्थाका प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक बृदिको अनुमोदन सम्बन्धमा ।

५. वित्तीय संस्थाका सञ्चालकहरुको बैठक भत्ता बृदिको अनुमोदन गर्ने ।

ख) विशेष प्रस्ताव

१. संचालक समितिले शेयरधनिहरुलाइ चुक्ता पुजीको १५ प्रतिशत का दरले हुने रु ४९,५०,०००।- बराबरको बोनश शेयर र बोनश शेयरमा लाग्ने करको लागि रु २,६०,५२७।- नगद लाभांश प्रस्ताव गरेकोमा सोको स्विकृती गर्ने ।

२. वित्तीय संस्थाको संस्थापक र सर्वसाधारण शेयरधनी गरी दुई समुहमा विभाजन गर्ने जसअन्तर्गत संस्थापक समुहमा ६० प्रतिशत र सर्वसाधारण समुहमा ४० प्रतिशत शेयर स्वामित्व निर्धारण गर्ने ।

३. बोनश शेयर जारी पछि कायम हुने पूजीमा १:१ को अनुपातमा हमप्रद शेयर जारी गर्ने ।

४. वित्तीय संस्थाको नाम संशोधन गरी काठमाडौ फाइनान्स लिमिटेड राख्ने र सोहि अनुरुप प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने ।

५. वित्तीय संस्थाको प्रवन्धपत्रको दफा ४(त्र), ४(ज्ञ) र ५(घ) तथा नियमावलिको नियम ८(१)(२), नियम १४, नियम १५ मा संशोधन गर्ने सम्बन्धमा ।

(ग) विविध ।

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

द्रष्टव्य :

१. सम्पूर्ण शेयरधनी महानुभावहरुलाई वित्तीय संस्थाको शेयर लगतमा कायम रहेको सम्बन्धित ठेगानामा हिसाब सहितको वार्षिक प्रतिवेदन पुस्तिका पठाएका छौ । वार्षिक प्रतिवेदन प्राप्त नभएमा यस वित्तीय संस्थाको डिल्लीबजार स्थित कार्यालयमा सम्पर्क गर्नु होला । सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले प्रवेश पत्रको साथै शेयर प्रमाणपत्र र आफ्नो परिचय खुल्ने प्रमाण (नागरिकताको प्रमाणपत्र वा अन्य कुनै प्ररिचयपत्र ) अनिवार्य रुपमा लिई आउनहुन अनुरोध छ ।

२. सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुत्ती गर्न चाहाने शेयरधनिहरुले सो सम्वन्धि निवेदन सभा सुरु हुनु भन्दा ४८ घण्टा पहिले अर्थात मिति २०६४।११।१२ गते १० बजे भित्र वित्तीय संस्थाको कार्यलय डिल्लिबजार, काठमाडौंमा दर्ता गराई सक्नु पर्दछ । यसरि प्रतिनिधि (प्रोक्सी) नियुत्ती गरिएको व्यत्ती समेत वित्तीय संस्थाको शेयरधनि हुन जरुरी छ ।

३. प्रतिनिधि (प्रोक्सी) नियुत्ति गरिसक्नु भएको शेयरधनि आफै सभामा उपस्थीत हुनु भएमा प्रतिनिधि पत्र स्वत रद्ध हुनेछ ।

४. एउटै शेयरधनिले एक भन्दा बढि प्रतिनिधि (प्रोक्सी) नियुत्ति गर्न भएको अवस्थामा मैले यस अघि दिएको सबै प्रतिनिधि (प्रोक्सी) बदर गरि यो प्रतिनिधि (प्रोक्सी) पत्रलाइ मान्यता दिइयोस भनी छुटै पत्र समेत लेखि पठाइएमा अरु सबै प्रतिनिधि (प्रोक्सी) पत्र बदर भइ सो पत्र साथ आएको प्रतिनिधि पत्र (प्रोक्सी) , मात्र मान्य हुनेछ । तर यसो नगरि एक शेयरधनिले एक भन्दा बढि प्रोक्सी नियुत्ती गरी त्यस्ता प्रतिनिधि पत्र (प्रोक्सि) समयमै वित्तिय संस्थामा दर्ता हुन आएता पनि सवैभन्दा पहिला प्राप्त भएको प्रोक्सी लाइ मान्य गरी अन्य प्रोक्सी बदर गरीने छ ।

५. नावालक वा विक्षीप्त शेयरधनिको तर्फ बाट यस वित्तिय संस्थाको शेयर लागत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न सक्नुहुनेछ ।

६. शेयरधनिहरुले व्यक्त गरेका मन्तव्य वा प्रश्न हरुको सम्बन्धमा सभाका सभापति आफैले वा सभाका सभापतिबाट आदेश पाएको व्यक्तिले उत्तर दिने छ ।

७. सभामा भाग लिने प्रत्यक शेयरधनिमाहानुभाबहरुले सभा हुने स्थानमा उपस्थित भइ त्याँहा रहेको हाजिर पुस्तिकामा दस्खत गर्नु पर्नेछ । हजिरि पुस्तिका विहान १०:३० बजे देखि सभा नसकिन्जे सम्म खुला रहने छ ।

८. शेयरधनि माहानुभावहरुलाइ विविध विषयमा छलफल गर्नु पर्ने भएमा त्यसको लिखित रुपमा सभा हुनु भन्दा ७ दिन पहिलेनै वित्तिय संस्थाको कार्यलय डिल्लिबजार , काठमाडौमा दर्ता गर्नु पर्नेछ । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

९. वीत्तिय संस्थाको शेयर दाखिल खारेज यहि मिति २०६४।११।१ गते देखि २०६४।११।१४ गते सम्म बन्द रहने छ ।